# प्रदेश राजपत्र

प्रदेश नं. ३ प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) हेटौंडा, मकवानपुर, भदौ १० गते, २०७६ साल (अतिरिक्ताङ्क १५

## भाग २

## प्रदेश सभा सचिवालय

प्रदेश नं. ३, हेटौंडाको

## सूचना

### प्रदेश सभा (पहिलो संशोधन) नियमावली, २०७६

**प्रस्तावनाः** प्रदेश सभा नियमावली, २०७४ लाई समसामयिक संशोधन गर्न बाञ्छनीय भएकोले,-

प्रदेश सभाले यो नियमावली बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस नियमावलीको नाम "प्रदेश सभा (पहिलो संशोधन) नियमावली, २०७६" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>प्रदेश सभा नियमावली, २०७४ (यसपछि मूल नियमावली भनिएको) को नियम २ मा संशोधन</u>**: मूल नियमावलीको नियम २ को,-

(१) खण्ड (च) र (छ) को सट्टा देहायको खण्ड (च) र (छ) राखिएको छ:-

"(च) "अर्थ मन्त्री" भन्नाले प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्री सम्झनु पर्छ र सो शब्दले आर्थिक मामिला तथा योजना मन्त्रीको काम गर्न तोकिएको अन्य कुनै मन्त्री वा राज्यमन्त्री समेतलाई सम्झनु पर्छ।

(छ) "पदाधिकारी" भन्नाले "सभामुख, उपसभामुख, प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका संसदीय दलका नेता, प्रदेश सभाको विपक्षी दलको नेता, मुख्य सचेतक, प्रमुख सचेतक, सभापति, सचेतक एवं प्रदेश सभाको सचिवलाई सम्झनु पर्छ ।"

(२) खण्ड (ञ) को शुरुमा "सदन" भन्ने शब्द थपिएको छ।

(३) खण्ड (त) मा रहेको "सम्झनु पर्छ" भन्ने शव्दहरु पछि "र सो शब्दले सदन समक्ष कुनै कागजपत्र वा विवरण पेश गर्ने कार्यलाई समेत जनाउँछ" भन्ने शब्दहरु थपिएका छन्।

३. मूल नियमावलीको नियम ६ को उपनियम (४) मा रहेको "सभामुखले" भन्ने शब्दको सट्टा "सभामुख/उपसभामुखले" भन्ने शब्दहरु राखिएका छन्।

४. मूल नियमावलीको नियम ११ को उपनियम (१) को दोस्रो हरफमा रहेको "समय समयमा" भन्ने शब्दहरुको सट्टा "प्रत्येक अधिवेशनको प्रारम्भमा" भन्ने शब्दहरु राखिएका छन्।

५. मूल नियमावलीको नियम १३ को उपनियम (२) मा रहेको "एघार" भन्ने शब्दको सट्टा "सत्र" भन्ने शब्द राखिएको छ ।

६. मूल नियमावलीको नियम १४ को उपनियम (२) मा रहेको "प्रश्नहरु" भन्ने शब्दको सट्टा "प्रस्तावहरु" भन्ने शब्द राखिएको छ।

७. मूल नियमावलीको नियम १९ को नियम शीर्षकको सट्टा देहायको नियम शीर्षक राखिएको छः-

"१९. बैठकमा पालना गर्नु पर्ने नियमहरुः"

८. मूल नियमावलीको नियम २० कोः-

(१) नियम शीर्षकमा रहेको "गर्न नहुने कुराहरु" भन्ने शब्दहरुको सट्टा "पालना गर्नु पर्ने नियमहरु" भन्ने शब्दहरु राखी सोही नियममा रहेको "कुराहरु गर्नु हुँदैन" भन्ने शब्दहरुको सट्टा "नियमको पालना गर्नु पर्नेछ" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) सभामुखले पद अनुरुपको आचरण गरेको छैन भन्ने प्रस्ताव वा सभामुखको कुनै निर्णय बदर गरियोस् भन्ने प्रस्ताव माथिको छलफलमा बाहेक सभामुखको आचरण र निर्णयको आलोचना गर्नु नहुने ।"

(३) खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छ :-

"(छ) बैठकको कार्यसँग प्रत्यक्ष रुपले सम्बन्धित विषय बाहेक अन्य असम्बन्धित विषयमा बोल्न नहुने।"

९. मूल नियमावलीको नियम २५ को,-

(१) उपनियम (२) को पहिलो हरफमा रहेका "आफ्नो कुरा र" भन्ने शब्दहरुको सट्टा "सोको" भन्ने शब्द राखिएको छ ।

(२) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छः-

"(४) बैठकमा उठाइएको नियमापत्तिको निर्णय सभामुखले गर्नेछ र सो निर्णय अन्तिम हुनेछ।"

**१०.** मूल नियमावलीको नियम २७ को उपनियम (२) को तेस्रो हरफमा रहेको "घोषणा गर्नेछ" भन्ने शब्दहरु पछि पूर्ण विराम राखे।त्यसपछि रहेका "र सभामुखको विचारप्रति" भन्ने शब्दहरुको सट्टा "(२क) उपनियम (२) बमोजिमको घोषणाप्रति" भन्ने शब्दहरु राखिएको छ र "त्यसरी निर्णयको" भन्नेदेखि "राखु पर्नेछ ।" भन्नेसम्मको वाक्य झिकिएको छ।

**११.** मूल नियमावलीको नियम २८ को,-

(१) उपनियम (१) को पहिलो हरफमा रहेको "विचारप्रति" भन्ने शब्दको सट्टा "घोषणाप्रति" भन्ने शब्द राखिएको छ।

(२) उपनियम (५) मा रहेका "मत सङ्कलक तोक्ने र" भन्ने शब्दहरु पछि "दस्तखत सहितको मत" भन्ने शब्दहरु थपिएका छन् ।

**१२.** मूल नियमावलीको नियम ३० को उपनियम (२) को अन्तिम हरफमा रहेको "समिति" भन्ने शब्दपछि "र संसदीय दल" भन्ने शब्दहरु थपिएका छन् ।

**१३.** मूल नियमावलीको नियम ३१ को उपनियम (६) को दोस्रो हरफमा रहेको "समिति" भन्ने शब्दपछि "र संसदीय दल" भन्ने शब्दहरु थपिएका छन् ।

१४. मूल नियमावलीको नियम ३२ को उपनियम (३) को दोस्रो हरफमा रहेको "समिति" भन्ने शब्दपछि "र संसदीय दल" भन्ने शब्दहरु थपिएका छन् ।

१५. मूल नियमावलीको नियम ३३ को तेस्रो हरफमा रहेका "बैठकले राय बुझी" भन्ने शब्दहरु झिकिएका छन् ।

१६. मूल नियमावलीको नियम ३७ को उपनियम (२) मा रहेको "स्वीकृत" भन्ने शब्दको सट्टा "स्वीकार" भन्ने शब्द राखिएको छ ।

१७. मूल नियमावलीको नियम ३८ को उपनियम (३) को तेस्रो हरफमा रहेको "प्रस्तावलाई" भन्ने शब्दको सट्टा "नीति तथा कार्यक्रमलाई" भन्ने शब्दहरु राखिएका छन् ।

१८. मूल नियमावलीको नियम ५१ को उपनियम (१) मा रहेका "कुनै सदस्यले" भन्ने शब्दहरुको सट्टा "प्रश्नकर्ता सदस्यले" भन्ने शब्दहरु राखिएका छन्।

१९. मूल नियमावलीको नियम ५६ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) यस नियमावलीको नियम ४२ को उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि जरुरी प्रश्न सोध्न आग्रह गरिएको अवस्थामा प्रस्तावित बैठक शुरु हुनुभन्दा कम्तीमा दुई घण्टा अघि जानकारी दिएर पनि प्रश्न सोध्न सकिनेछ ।"

२०. मूल नियमावलीको नियम ६० को उपनियम (२) मा रहेको "सचिवलाई" भन्ने शब्द पछि "सूचना" भन्ने शब्द थपिएको छ।

२१. मूल नियमावलीको नियम ६१ को उपनियम (१) मा रहेका "कुनै कुरामाथि" भन्ने शब्दहरुको सट्टा "कुनै पनि विषयमाथि" भन्ने शब्दहरु राखिएका छन् ।

२२. मूल नियमावलीको नियम ६४ को उपनियम (१) मा रहेका "ध्यानमा राखी" भन्ने शब्दहरु पछि रहेको "र" भन्ने शब्द झिकिएको छ ।

२३. परिच्छेद-११ को परिच्छेद शीर्षकको शुरुमा "प्रस्ताव" भन्ने शब्द थपिएको छ ।

२४. मूल नियमावलीको नियम ७४ को सट्टा देहायको नियम ७४ राखिएको छः-

"७४. संशोधन सम्बन्धी शर्तः कुनै प्रस्तावको सम्बन्धमा संशोधन प्रस्ताव पेश गर्दा देहायका शर्तको पालना गर्नु पर्नेछः-

(क) मूल प्रस्तावको सिद्धान्त विपरीत हुन नहुने,

(ख) मूल प्रस्तावको विषयसँग सम्बद्ध हुनुपर्ने,

(ग) बैठकले पहिले गरिसकेको निर्णयसँग बाँझिएको हुन नहुने, र

(घ) स्पष्ट अर्थ दिने हुनु पर्ने।"

२५. मूल नियमावलीको नियम ९७ र ९८ को सट्टा देहायका नियम ९७ र ९८ राखिएको छः-

"९७. अध्यादेश माथि निर्णयः (१) यस परिच्छेद बमोजिम अध्यादेश अस्वीकार गर्ने सम्बन्धी कुनै सूचना प्राप्त नभएमा वा अध्यादेश अस्वीकार गर्ने प्रस्ताव बैठकले अस्वीकृत गरेमा सभामुखले उक्त अध्यादेश स्वीकृत गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न सम्बन्धित मन्त्रीलाई अनुमति दिनेछ।

(२) उपनियम (१) बमोजिम मन्त्रीबाट प्रस्तुत अध्यादेश स्वीकृत गरियोस् भन्ने प्रस्ताव प्रस्तुत भएपछि सभामुखले सो प्रस्तावलाई बैठकको निर्णयार्थ प्रस्तुत गर्नेछ।

९८. स्वीकृत अध्यादेश प्रतिस्थापन गर्ने विधेयकः (१) यस परिच्छेद बमोजिम स्वीकृत भएको कुनै अध्यादेशका प्रावधानलाई यथावत वा संशोधन सहित प्रतिस्थापित गर्ने उद्देश्यबाट प्रस्तुत गरिने विधेयकको साथमा उक्त अध्यादेश तत्कालै लागू गर्नु परेको परिस्थिति र कारण सहितको विवरण संलग्न गरी पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पेश हुन आएको प्रतिस्थापन विधेयकको सम्बन्धमा परिच्छेद-१५ बमोजिमको कार्यविधि अपनाइनेछ।

(३) उपनियम (१) र (२) बमोजिम अध्यादेश प्रतिस्थापन गर्ने विधेयक संविधानको धारा २०२ बमोजिमको अवधिभित्र पारित गरी प्रदेश प्रमुखबाट प्रमाणीकरण भई सक्नु पर्नेछ।"

२६. मूल नियमावलीको नियम ९९ को उपनियम (२) को तेस्रो हरफमा रहेका "संलग्न रहनु पर्नेछ।" भन्ने शब्दहरुपछिको वाक्य हटाइएको छ।

२७. मूल नियमावलीको नियम १२८ को उपनियम (७) को सट्टा देहायको उपनियम (७) राखिएको छः-

"(७) संविधान संशोधन गर्ने विधेयक पारित गरियोस् भन्ने प्रस्तावमाथि सभाको निर्णय सदस्यको दस्तखत सहितको मत विभाजनद्वारा हुनेछ ।"

२८. मूल नियमावलीको नियम १३३ को उपनियम (७) को अन्त्यमा "खर्च कटौतिको प्रस्ताव पेश गरेका सदस्यहरुले विनियोजन विधेयकमाथि छलफल गर्दा सभामुखको अनुमतिले खर्च कटौतिको प्रस्तावको सम्बन्धमा समेत आफ्नो धारणा राख्न सक्नेछन्।" भन्ने वाक्य थपिएको छ।

२९. मूल नियमावलीको नियम १३६ र १३८ को नियम शीर्षकको शुरुमा "खर्च" भन्ने शब्द थपिएको छ।

३०. मूल नियमावलीको नियम १३६ मा रहेका "विनियोजन विधेयकमाथिको सैद्धान्तिक" भन्ने शब्दहरु पछि कोष्ठ भित्र "(राजस्व र व्ययको अनुमानमाथिको)" भन्ने शब्दहरु र "छलफल समाप्त भएपछि" भन्ने शब्दहरुपछि "खर्च कटौतिको प्रस्तावको सूचना सचिवलाई" भन्ने शब्दहरु थपिएका छन्।

३१. मूल नियमावलीको नियम १४० को उपनियम (१) मा रहेको "अर्थ मन्त्री" भन्ने शब्दहरुको सट्टा "आर्थिक मामिला तथा योजना मन्त्री" भन्ने शब्दहरु राखिएका छन् ।

३२. मूल नियमावलीको नियम १४४ को,-

(१) उपनियम (८) मा रहेका "सभाको निर्णय" भन्ने शब्दहरु पछि "दस्तखत सहितको" भन्ने शब्दहरु थपिएका छन्।

(२) उपनियम (९) पछि देहायको उपनियम (१०) थपिएको छः-

"(१०) उपनियम (९) बमोजिमको प्रस्ताव पारित भएमा सोको जानकारी प्रदेश प्रमुखलाई गराउनु पर्नेछ ।"

३३. मूल नियमावलीको नियम १४६ कोः-

(१) उपनियम (१) अन्तर्गत समितिको नाम र कार्यक्षेत्रको सट्टा देहायको नाम र कार्यक्षेत्र राखिएको छः-

| क्रस. | समितिको नाम | कार्यक्षेत्र |
|---|---|---|
| १ | प्रदेश मामिला समिति | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, संवैधानिक आयोगका प्रतिवेदन (महालेखा परीक्षक र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको वार्षिक प्रतिवेदन बाहेक), प्रदेश लोक |

| | | |
|---|---|---|
| | | सेवा आयोग र मुख्य न्यायाधिबक्ताको वार्षिक प्रतिवेदन। |
| २ | अर्थ तथा विकास समिति | आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार तथा विकास मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको बार्षिक प्रतिवेदन। |
| ३ | सार्वजनिक लेखा समिति | महालेखा परीक्षकको वार्षिक प्रतिवेदन, बेरुजू फछ्र्यौट र प्रदेश सरकारको सार्वजनिक लेखा सम्बन्धी। |
| ४ | शिक्षा, स्वास्थ्य तथा कृषि समिति | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालय |
| ५ | उद्योग, पर्यटन तथा वातावरण समिति | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र उपभोक्ता हित सम्बन्धी। |

(२) उपनियम (२) झिकी कायम हुने नियम १४६ को शुरुको "(१)" झिकिएको छ ।

३४. मूल नियमावलीको नियम १५१ कोः-

(१) खण्ड (ञ) पछि देहायका खण्ड (ट) र (ठ) थपिएको छः-

"(ट) छलफलमा थप विषयवस्तुको जानकारी आवश्यक परेमा विज्ञ तथा विशेषज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ।

(ठ) आ-आफ्नो कार्यक्षेत्रभित्र पर्ने मन्त्रालय र निकायसँग सम्बन्धित प्रत्यायोजित व्यवस्थापन सम्बन्धी र सभाले दफावार छलफलका लागि

पठाएका विधेयक उपर दफावार छलफल गरी सो सम्बन्धी प्रतिवेदन सभामा पेश गर्ने ।"

(२) उपनियम (३) पछि देहायका उपनियम (३क), (३ख) र (३ग) थपिएको छः–

"(३क) सभापतिले उपयुक्त सम्झेमा समितिले आन्तरिक काम कारबाही सञ्चालन गर्न वा समितिको कार्यक्षेत्रभित्रको विषयको अध्ययन गरी प्रतिवेदन दिन उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(३ख) उपसमिति गठन गर्दा उपसमितिले गर्नु पर्ने काम र सो काम सम्पन्न हुनु पर्ने अवधि किटान गरिनु पर्नेछ।

(३ग) उपनियम (१) बमोजिम कुनै विषयको अध्ययन गरी प्रतिवेदन दिन उपसमितिका सदस्यले कुनै स्थानको भ्रमण गर्नु परेमा सभापति मार्फत सभामुखको स्वीकृति लिनु पर्नेछ।"

**३५.** मूल नियमावलीको नियम १५१ पछि देहायको नियम १५१क थपिएको छः–

"१५१क. सम्बन्धित अधिकारी वा विशेषज्ञको प्रवेशः (१) समिति वा उपसमितिमा कुनै विषयमाथि छलफल हुँदा सो विषयको प्रकृति हेरी सम्बन्धित मन्त्रीले आवश्यक देखेमा सो विषयका सम्बन्धमा स्पष्ट जानकारी दिन प्रदेश सरकारको सम्बन्धित अधिकारी वा विशेषज्ञलाई सभापतिको अनुमति लिई समितिमा लिएर जान सक्नेछ । सो बमोजिम समितिमा उपस्थित भई आवश्यक कुराको स्पष्ट जानकारी दिनु त्यस्तो अधिकारी वा विशेषज्ञको कर्तव्य हुनेछ ।

(२) समितिले आवश्यक ठानेमा सम्बन्धित पक्ष वा हित समूहका प्रतिनिधि र विशेषज्ञलाई समेत आमन्त्रण गरी सुझाव लिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम समितिमा उपस्थित भई आवश्यक कुराको स्पष्ट जानकारी दिनु त्यस्तो पक्ष वा सरोकारवाला समूह वा हित समूहका प्रतिनिधि र विशेषज्ञको कर्तव्य हुनेछ।"

**३६.** मूल नियमावलीको नियम १६६ पछि देहायको नियम १६६क थपिएको छः-

"१६६क. प्रत्यायोजित व्यवस्थापन सम्बन्धी कार्य गर्दा ध्यान राख्नु पर्ने विषयः समितिले प्रत्यायोजित व्यवस्थापन उपर छलफल गर्दा देहायका विषयलाई समेत ध्यानमा राख्नु पर्नेछः-

(क) ऐनद्वारा प्रत्यायोजित अधिकार अन्तर्गत नेपाल सरकारले बनाउनु पर्ने नियम बनाएको छ वा छैन,

(ख) संविधान वा ऐनको उद्देश्य अनुरुप नियम बनेको छ वा छैन,

(ग) ऐनले तोके बमोजिमका विषय नियममा परेका छन् वा छैनन्,

(घ) कुनै कर लगाउने वा उठाउने कुरा नियममा परेको छ वा छैन,

(ङ) ऐनले प्रत्यायोजित गरेको व्यवस्था अनुसार बनेको नियमले अदालतको क्षेत्राधिकारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले हस्तक्षेप गर्छ वा गर्दैन,

(च) संविधान वा ऐनले स्पष्ट रुपमा त्यस्तो कुनै अधिकार प्रदान नगरेको कुनै व्यवस्थाको सम्बन्धमा नियम पूर्वप्रभावी छ वा छैन,

(छ) संचित कोष वा अन्य सरकारी कोषबाट नियममा कुनै खर्च व्यहोर्नु पर्छ वा पर्दैन,

(ज) संविधान वा ऐनद्वारा प्रदत्त अधिकारको सीमाभित्र नियम छ वा छैन,

(झ) त्यस्तो नियम प्रकाशन गर्न र प्रदेश सभा सचिवालय समक्ष पेश गर्नमा अनावश्यक ढिलाई गरिएको छ वा छैन , र

(ञ) त्यस्तो नियमको अभिप्राय स्पष्ट गर्नका लागि कुनै स्पष्टीकरण आवश्यक पर्छ वा पर्दैन।"

**३७.** मूल नियमावलीको नियम १६७ को उपनियम (१) मा रहेको "एघार" भन्ने शब्दको सट्टा "सत्र" भन्ने शब्द राखिएको छ।

**३८.** मूल नियमावलीको नियम १६८ मा रहेका "आवश्यक हेरफेर सहित" भन्ने शब्दहरु झिकिएका छन्।

**३९.** मूल नियमावलीको नियम १७७ को उपनियम (३) को तेस्रो हरफमा रहेको "पनि" भन्ने शब्द झिकिएको छ।

**४०.** मूल नियमावलीको नियम २०० मा संशोधनः साविकको व्यवस्थालाई उपनियम (१) गरी त्यसपछि उपनियम (२) र (३) थपिएको छः-

"(२) सचिवालय सञ्चालन तथा व्यवस्थापनको सम्बन्धमा सचिवालय सचिव र कर्मचारीहरु सचिव मातहत रहनेछन्।

(३) सचिवालय सचिवले सचिवको सुपरिवेक्षण, नियन्त्रण र निर्देशनमा रही आफूलाई तोकिएको कार्य सम्पादन गर्नु पर्नेछ।"

४१. मूल नियमावलीको नियम २०८ को सट्टा देहायको नियम २०८ राखिएको छः–

"२०८. बैठकलाई सम्बोधनः (१) नेपालका राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रतिनिधि सभाको सभामुख तथा राष्ट्रिय सभाको अध्यक्षले सभालाई सम्बोधन गर्न प्रदेश सरकारले अनुरोध गरेमा सभामुखले अनुमति दिन सक्नेछ।

(२) कुनै विदेशी राष्ट्रको राष्ट्रप्रमुख, सरकार प्रमुख, सभामुख, अध्यक्ष वा संयुक्त राष्ट्र संघको महासचिवले सभालाई सम्बोधन गर्न नेपाल सरकारको सहमति लिई प्रदेश सरकारले अनुरोध गरेमा सभामुखले अनुमति दिन सक्नेछ।

(३) उपनियम (१) र (२) बमोजिम सम्बोधनको लागि अपनाइने प्रक्रिया कार्य व्यवस्था परामर्श समितिको परामर्शमा सभामुखले तोके बमोजिम हुनेछ।"

४२. मूल नियमावलीको नियम २१६ को नियम शीर्षकको शुरुमा "नियमावली" भन्ने शब्द थपिएको छ।

**आज्ञाले,**

**कृष्ण हरि खड्का**

**प्रदेश सभाको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३, हेटौंडामा मुद्रित।

मूल्य रु.१०।-